नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं

नेपाल ।

## सूचना !!!

मिति २०८३/०१/०४

यस विभागको पेटेण्ट, डिजायन र ट्रेडमार्कका आवेदनकर्ताहरूलाई निजले पेश गरेका आवेदन उपर परीक्षण गरी औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशन गरिने व्यहोराको जानकारी पत्र मिति २०८२/७/२८ गतेदेखि बन्द गरिएको व्यहोरा अवगत नै छ। कतिपय उद्योग/फर्म/कम्पनीहरूले यस भन्दा अगावै लिएको उक्त जानकारी पत्रलाई नै अस्थायी प्रमाण पत्र सरह सम्झी ट्रेडमार्क प्रयोग गर्ने गरेको सूचना यस विभागमा प्राप्त हुन आएकोले पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन २०२२ को दफा १८ (ख) बमोजिम ट्रेडमार्क दर्ता प्रमाण पत्र लिएर मात्र प्रयोग गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। उक्त पत्रलाई ट्रेडमार्कको प्रमाण पत्रका रूपमा प्रयोगमा ल्याएको पाइएमा प्रचलित कानून बमोजिम भईजाने व्यहोरा जानकारी गराइन्छ। साथै ट्रेडमार्क दर्ता र प्रमाण पत्र लिने सम्वन्धी यस विभागको मिति २०८२/११/१७ मा प्रकाशित सूचना **www.doind.gov.np** मा हेर्नुहुन अनुरोध छ।

२०८३/१/४

लोकराज दुवेदी

शा.अ.